# केन्सिङ्टन र नयाँ बिद्यालयहरुको चिठ्ठा
## मार्छ २०१४

**आवेदन भर्न कुन विद्यार्थीहरु उपयुक्त छन्?**
दुबै बिद्यालय जिल्ला र गैर बिद्यालय जिल्लाका कक्षा आठका विद्यार्थीहरुले आवेदन भर्न स्वागत छ।

**के यि बिद्यालयहरुको लागि भर्ना मापदण्ड छ?**
यि उच्च माध्यमिक बिद्यालयमा भर्ना हुनकोलागी शैक्षिक आवश्यकताहरु छैन। तर केन्सिङ्टन बिद्यालयमा प्रदान गर्ने कला कार्यक्रमहरुमा आवेदन भर्दा प्रदर्सनी गर्नु पर्ने हुन्छ।

**विद्यार्थीहरुलाई बिद्यालयको लागि कसरी छनोट गरिन्छ?**
सम्पूर्ण विद्यार्थीहरुलाई कम्प्युटरको छिट्ठा द्वारा छनोट गरिन्छ।

- केन्सिङ्टन बिद्यालयहरुमा- केन्सिङ्टन उच्च माध्यमिक बिद्यालय भर्ना क्षेत्र भित्र ठेगाना भएको विद्यार्थीहरुलाई प्राथमिकता दिइन्छ।
- द लिन्क (The LINC) र यू बिद्यालय (U School) मा- कक्षा ९ का ५० % ठाउँहरु यि जिप कोडका विद्यार्थीहरुलाई दिइन्छ: १९१२०, १९१२१, १९१२३, १९१२४, १९१२५, १९१३०, १९१३२, १९१३३, १९१३४ र १९१४०। बाँकी भएका ५०% ठाउँहरु शहर व्यापीका विद्यार्थीहरु द्वारा भरिन्छ।
- बिलडिङ २१ (Building 21) मा - कक्षा ९ का ६०% खुल्ला ठाउँहरु यि जिप कोड का विद्यार्थीहरु द्वारा भरिन्छ: १९१२०, १९१२१, १९१२२, १९१२३, १९१२४, १९१२५, १९१३०, १९१३२, १९१३३, १९१३४ र १९१४०। बाँकी ४० % शहर व्यापी विद्यार्थीहरु द्वारा भरिन्छ।

**के मलाई धेरै बिद्यालय द्वारा स्विकार गरिने छ?**
चिठ्ठा द्वारा विद्यार्थीलाई धेरै बिद्यालयले छनोट गरिएको हुन सक्छ।

**मैले उच्च माध्यमिक बिद्यालय छनोट प्रक्रियामा भाग लिए र बिद्यालयबाट अनुमोदन प्राप्त गरे वा प्रतिक्षा सुचीमा रखिएको छ। के केन्सिङ्टन वा नयाँ बिद्यालय चिठ्ठाले यो अनुमोदन र प्रतिक्षा सुची मेटाउँछ?**
यो प्रक्रिया उच्च माध्यमिक छनोट प्रक्रिया भन्दा अलग छ। यदी तपाईंले केन्सिङ्टन वा नयाँ बिद्यालयको चिठ्ठा बाट अनुमोदन वा प्रतिक्षा सुची प्राप्त गर्नु भएको खण्डमा तपाईंलाई बिद्यालय बिच छनोट गर्न अन्तिम भर्ना निर्णय लिन लगाइन्छ।

**निर्धारण गर्ने पत्र कसरि र कहिले प्राप्त गने छु?**
चिठ्ठा प्रक्रियाको निर्णयहरु जुन ९, २०१४ मा प्रकाशन गरिन्छ।

## केन्सिङ्टन र नयाँ बिद्यालयहरुको चिठ्ठा
## मार्छ २०१४

- बिद्यालय जिल्लाका विद्यार्थीहरुले चिठ्ठाको निर्णयको प्रकाशन विद्यार्थीको पोर्टल (Student Portal) द्वारा गरिन्छ।
- गैर बिद्यालय जिल्लाका विद्यार्थीहरुका आमा बुवाले निर्णय पत्र केन्सिङ्टन वा नयाँ उच्च माध्यमिक बिद्यालयको वेबसाईटमा उपलब्ध भएपछी ईमेल गरिन्छ।

**यि उच्च माध्यमिक बिद्यालयहरुमा नियुक्ती बिकल्पहरुको लागि आवेदन भर्न के मलाई आमा बुवा र परिवार सहयोग सामाग्री केन्द्रमा सहयोग मिल्छ?**
मिल्छ। आमा बुवा र परिवार सहयोग सामाग्री केन्द्रमा केन्सिङ्टन र नयाँ बिद्यालयको बारे जानकारी उपलब्ध छ। आमा बुवाहरु सहयोग सामाग्री केन्द्रको कम्प्युटर मा गइ बिद्यालयहरुको बारे जानकारी हेर्न मिल्छ र प्रश्न सोध्न मिल्छ।

**बिशेष भर्ना बिद्यालय, शहर व्यापी उच्च माध्यमिक बिद्यालय, र शिक्षाको अनुसार छनोट नगर्ने बिद्यालयहरुमा के फरक छ?**
***बिशेष भर्ना बिद्यालयमा*** प्रतिस्पर्धी भर्ना मापडण्ड हुन्छ। बिशेष भर्ना बिद्यालयमा छनोट भएका विद्यार्थीहरुले बिद्यालयको मानकीकृत परिक्षा, रिपोर्ट कर्ड, र उपस्थितिको आवश्यकता पुरा गर्नु पर्छ। ***शहर व्यापी बिद्यालयहरु***मा भर्नाको मापदण्डका आवश्यकताहरु कम हुन्छन् तर यि बिद्यालयहरुमा परिक्षाको अंक, उपस्थिती, र ब्यवहारको मापदण्ड हुन्छ। ***शिक्षाको अनुसार छनोट नगर्ने बिद्यालयहरु***मा परिक्षाको अंक, उपस्थिती र ब्यवहार अनुसार भर्ना हुने आवश्यक पर्ने मापदण्ड हुँदैन।

**बिकल्प बिद्यालय नियुक्तीमा भएका विद्यार्थीहरुले के यि नयाँ बिद्यालयमा भर्ना हुन छान्न सक्छन?**
सम्पूर्ण विद्यार्थीहरुलाई नयाँ बिद्यालयमा आवेदन गर्न प्रोत्साहन गरिन्छ। बिकल्प नियुक्तीमा भएका कक्षा ८ का विद्यार्थीलाई आवेदन गर्न प्रोत्साहन गरिन्छ।

**ब्यक्तिगत शिक्षा योजना भएका विद्यार्थीहरुले के यि बिद्यालयमा भर्ना हुन छान्न सक्छन?**
सम्पूर्ण विद्यार्थीहरुलाई नयाँ बिद्यालयमा आवेदन गर्न प्रोत्साहन गरिन्छ। ब्यक्तिगत शिक्षा योजना भएका वा अङ्ग्रेजी भाषा शिक्षार्ती विद्यार्थीहरुले कक्षा ८ का विद्यार्थीलाई दर्खास्त गर्न प्रोत्साहन गरिन्छ। बिद्यार्थीहरुले यो प्रक्रियाको बारे आफ्नो सल्लाहकार सँग संपर्क गरी वा बिशेष सेवा कार्यालयलाई २१५ ४०० ४१७० मासंपर्क गरी थप जानकारी प्राप्त गर्न सक्नेछन्।

**भर्ना प्रक्रिया के हो?**

- सेप्टेम्बर २०१४ मा कक्षा ९ मा भर्ना सुरु हुने हालका कक्षा ८ का विद्यार्थीहरुको लागि यो भर्ना मौका बनाइएको हो।
- बिद्यालय जिल्लामा भएका विद्यार्थीहरु र गैर बिद्यालय जिल्लाका विद्यार्थीहरुलाई आवेदन भर्न स्वागत छ।

# केन्सिङ्टन र नयाँ बिद्यालयहरुको चिठ्ठा
# मार्छ २०१४

- आवेदन प्रक्रिया मार्च २४, २०१४मा सुरु हुन्छ र अप्रिल २५ तारिख बेलुकाको ५ बजे अन्त हुन्छ।
- यो प्रक्रियाले विद्यार्थीलाई आफ्नो प्राथमिकता अनुसार बिद्यालयको छनोट गर्न मौका दिन्छ।
- विद्यार्थी भर्ना र नियुक्ती कार्यालय र जानकारी प्रविधी कार्यलयले खाली ठाउँको १) क्षेत्र अनुसार (११ वटा जिप कोडहरु) र २) शहर व्यापी अनुसार केही प्रतिशद एलेक्ट्रोनिक चिठ्ठा चलाउने छन्|
- यो चिठ्ठाको नतिजा आमा बुवालाई पठाइन्छ।

**यो प्रक्रियाको समय तालिका के हो**

मार्च २४: तीन वटा नयाँ बिद्यालयहरुको लागि आवेदन प्रक्रिया सुरु
अप्रिल २५: तीन वटा नयाँ बिद्यालयहरुको लागि आवेदन प्रक्रिया बन्द
जुन ९: विद्यार्थी र परिवारलाई अन्तिम सुचना पठाइन्छ

**प्रश्न भए ????**

थप जानकारीको लागि http://philasd.org/kensington-new_high_schools_lottery जानु होला। प्रक्रियाको बारे केही प्रश्न भए भर्ना र नियुक्ती कार्यालयमा २१५-४००-५९८५ या 7schoolslottery@philasd.org. संपर्क गर्नु होला।